**मिति २०८१ माघ २२ गतेको दशौ कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. न्यूनतम खानेपानी महसुल अनुदान दिने सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।

२. समपुरक कोष र विशेष अनुदानका योजना तथा कार्यक्रमहरु छनौट सम्बन्धमा ।

३. गाउँ सभाको दोश्रो बैठक संचालन सम्बन्धमा ।

४. रिक्त पदहरुमा करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा ।

५ करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

६. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

७. समानान्तर निर्माण सेवा प्रा.लि. लाई रुरुक्षेत्र-५ बाट १ हजार घ.मी. ढुङ्गा तथा ग्राबेल निकासी गर्न दिने सम्बन्धमा ।

८. पाईप खरिद गर्ने सम्बन्धमा ।

९. उखु प्रशोधन केन्द्रको मेसिन खरिदको रकम भुक्तानी र सामाग्री हस्तान्तरण सम्बन्धमा ।

१०. विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०८१ सम्बन्धमा ।

११. आमपोखरा-जौखोला-रातामाटा मो.बा. को DPR तयार गर्ने सम्बन्धमा ।

१२. निर्माणाधिन कोल्डस्टोरको म्याद थप सम्बन्धमा ।

१३. दोश्रो त्रैमासिक अवधिको प्रगति समिक्षा सम्बन्धमा ।

## मिति २०८१/१०/२२ गतेको दशौं गाउँकार्यपालिका बैठकका निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>लिफ्ट खानेपानी आयोजनामा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१ जारी गर्ने ।</td></tr>
<tr><td>२.</td><td>राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०८१/१०/१६ गते प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाले आगामी आ.व. २०८२/०८३ को लागि संघिय सरकार समक्ष माग गर्ने समपूरक र विशेष अनुदान अन्तर्गतका देहायका आयोजनाहरु प्राथमिकताको आधारमा छनौट गरी समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ अनुसार संघिय सरकार समक्ष प्रस्ताव पेश गर्ने । साथै क्रमागत आयोजना रानीबास टाहाटिम उल्लीखोला मो.बा. कालोपत्रेको निर्माण कार्य चालु आ.व. २०८१/०८२ मा सम्पन्न हुने र आवश्यक बजेट समेत व्यवस्था भएकोले सो आयोजनाको लागि आगामी आ.व. २०८२/०८३ मा बजेट माग नगर्ने ।<br>देहाय:<br>(क) समपूरक कोषबाट संचालन हुने योजना:
<table>
<tr><th>क्र. सं.</th><th>आयोजनाको नाम</th><th>ठेगाना</th><th>गाउँपालिकाले व्यहोर्ने रकम</th><th>संघिय सरकार समक्ष माग गरिएको रकम</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>एक्लेपिपल -भट्कुवा- जौखोला मो.बा. कालोपत्रे</td><td>रुरुक्षेत्र गा.पा.- १, गुल्मी</td><td>३,५०,००,०००/-</td><td>३,५०,००,०००/-</td><td>७,००,००,०००/-</td><td>प्रथम बर्ष ३ करोड दोस्रो बर्ष २ करोड र तेस्रो बर्ष २ करोड खर्च गर्ने गरी बहुबर्षिय योजना ।</td></tr>
</table>
(ख) विशेष अनुदानबाट संचालन हुने योजना:
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>ठेगाना</th><th>माग गरिएको रकम</th></tr>
<tr><td>१.</td><td>रुरुक्षेत्र एक घर एक धारा कार्यक्रम</td><td>रुरुक्षेत्र गा.पा.</td><td>२,००,००,०००/-</td></tr>
<tr><td>२.</td><td>रुरुक्षेत्र स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम</td><td>रुरुक्षेत्र गा.पा.</td><td>१,००,००,०००/-</td></tr>
<tr><td></td><td></td><td>जम्मा रकम</td><td>३,००,००,०००/-</td></tr>
</table>
(ग) आगामी आ.व. २०८२/०८३ मा राष्ट्रिय योजना आयोगमा माग गर्ने (समपूरक र विशेष अनुदान) का आयोजना तथा कार्यक्रमहरुको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिबेदन आवश्यक नरहेको वेहोरा राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंमा जानकारी गराउने ।</td></tr>
<tr><td>३.</td><td>मिति २०८१ माघ २४ गते दिनको १०:०० बजेबाट गाउँसभाका पदाधिकारी तथा सदस्यहरु र विषयगत शाखाका कर्मचारीहरु र वडा सचिवहरुलाई क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने । उक्त तालिम सम्पन्न भए पश्चात गाउँ सभा संचालन गर्ने ।</td></tr>
<tr><td>४.</td><td>गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत ह.स.चा. पदमा कार्यरत श्री सुदिप श्रेष्ठले राजिनामा पेश गरी अवकाश भएको हुँदा उक्त ह.स.चा. पदमा करार सेवामा कर्मचारी पदपूर्ति गर्ने ।</td></tr>
</table>

CS CamScanner

| | |
|---|---|
| ५. | गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि २०८१ पौष मसान्तमा सकिएको हुनाले मिति २०८१ माघ १ गते देखी २०८२ असार मसान्तसम्मको लागि म्याद थप गर्ने । |
| ६. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वियनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| ७. | समानान्तर-एलिट जे.भी. को मिति २०८१ माघ ९ गतेको पत्रबाट राष्ट्रिय गौरबको आयोजना मदन भण्डारी राजमार्ग अन्तर्गत रिडी तम्घास सडक स्तरोन्नतीको कार्यको लागि आनन्द कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय गुल्मीमा दर्ता श्रेस्ता कायम रहेको रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ को कि.नं. २५७ को ३-६-३-० रोपनीमा रहेको व्यक्तिगत जग्गाको खानीबाट निस्केका ढुंगा, ग्राबेल १००० घन मिटर निकासी तथा ढुवानी गर्न अनुमति माग भई आएकोमा गाउँपालिकाको निजी जग्गाको ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८० बमोजिम मिति २०८०।०९।१३ गते जारी गरिएको अनुमतीलाई नियमानुसारको दस्तुर जम्मा गर्न लगाई उक्त फर्मलाई माग बमोजिमको ढुंगा तथा ग्राबेल निकासी गर्न कार्यविधि बमोजिम अनुमति प्रदान गर्ने । |
| ८. | अबिरल बर्षाको कारण विभिन्न स्थानमा गएको पहिरो र आगलागि जस्ता विपद्का घटनाबाट खानेपानी आयोजनाहरुका पाईपहरु पुरिएको, जलेको कारण स्थानीय जनताहरुलाई समस्या सिर्जना भएकोले प्रकोप व्यवस्थापन कोषबाट रु. १० लाख विनियोजन गरी पाईप खरिद गरेर वितरण गर्ने । |
| ९. | नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रमको उखुबाट उत्पादित बस्तुको प्रवर्द्धन गर्न रुरु गा.पा. गुल्मीबाट अनुदान शिर्षकमा विनियोजित बजेट रु. १० लाखबाट उखु पेल्ने मेसिन (Sugarcane Crushing Unit 20-25 TCD) खरिद गरिएकोमा उक्त खरिद गरिएको टोटल मेसिनरी प्रा.लि., काठमाडौंलाई रु. ९ लाख ९८ हजार भुक्तानी गर्ने र उक्त मेसिन रुरु बहुउद्देश्यीय सहकारी संस्था लि. लाई हस्तान्तरण गरी उखु प्रशोधन केन्द्रलाई प्रभावकारी रुपमा संचालन गर्न सहकारी संस्थालाई जिम्मेवारी दिने । |
| १०. | विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०८१ जारी गर्ने । |
| ११. | आमपोखरा-जौखोला- रातामाटा मो.बा. स्तरोन्नतीको लागि बजेट व्यवस्था गर्न DPR आवश्यक भएकोले परामर्श सेवा खरिद गरी उक्त सडकको DPR तयार गर्ने । |
| १२. | वडा नं. १ मा निर्माणाधिन कोल्डस्टोरको म्याद थपको लागि निर्माण व्यवसायी मैनाचुली-अन्जना-श्रेष्ठ जे.भी., तम्घास, गुल्मीले निर्माणको क्रममा साइटमा कामको विषयमा विवाद भई काम रोकिएको, सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परी काम बन्द भएको, स्थानीय, प्रदेश र संघीय चुनाब , मेसिनरी आइटममा VO गर्नुपर्ने आवश्यक देखिएको र इस्टिमेटमा पप प्यानल भएता पनि जस्ता राख्नुपर्ने भएकोले VO गर्नुपर्ने आवश्यक देखिएको र विभिन्न कारणले काम समयमै सम्पन्न हुन नसकेको हुँदा म्याद थपको लागि मिति २०८१ पौष २४ गते निबेदन पेश भएकोमा सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२० बमोजिम मिति २०८१ माघ १७ गते देखी २०८२ असार मसान्तसम्मको म्याद थप गर्ने । |

CamScanner

| | |
|---|---|
| १३. | आ.व. २०८१/०८२ को दोश्रो त्रैमासिक अवधिको प्रगति समिक्षा गरियो । निर्धारित समय अवधि भित्र निर्माण कार्य सम्पन्न गर्न सबै पक्षले सहयोग गर्ने । |